दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक २३९ | बुटवल | २०८२ भदौ ०८ गते, आइतबार | नेपाल संवत ११४५ | Sunday August 24, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

**हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं**

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

**सुपर काइनेटिक कुरियर्स सर्भिस**

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

# भियतनामबाट भैरहवा र पोखरा सिधा उडान गर्न आग्रह



**लुम्बिनी संवाददाता**

*बुटवल*

परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले भियनामकी उपराष्ट्रपति भो थि आन सुआनलाई भियतनामबाट गौतमबुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा उडान गराउन आग्रह गरेकी छन् ।

शनिबार नेपाल भ्रमणमा आएकी उपराष्ट्रपति सुआनसँगको शिष्टाचार भेटका क्रममा परराष्ट्रमन्त्री राणाले बुद्ध जन्मस्थल लुम्बिनीमा वर्षेनी ठूलो संख्यामा भियतनामी आउने गरेको प्रसंग जोड्दै सोझै हवाई उडानको पहल गर्न आग्रह गरेकी हुन् ।

दुवै देशबिचको साँस्कृतिक सम्बन्धलाई उजागर गर्नुपर्ने र बौद्ध धर्म दुवै देश र जनताका बिचको सम्बन्ध विस्तारको एक सवल कडी रहेकोमा उनको जोड थियो ।

पछिल्ला वर्षहरुमा नेपालमा भियतनामका पर्यटकहरुको संख्या उल्लेख्यरुपमा बढेको बताउँदै मन्त्री राणाले यो अवसरको उपयोग गर्दै दुवै देश पर्यटन क्षेत्रको प्रवर्धनमा सहकार्य गर्दै अघि बढ्नुपर्ने धारणा राखिन् ।

साथै उनले नेपाल अगामी सन् २०२६ पछि अतिकम विकसित राष्ट्रबाट स्तरोन्नतिको तयारीमा रहेकाले त्यसपछिको अवस्थामा आवश्यक सहयोगका लागि पनि भियतनामी उपराष्ट्रपतिलाई आग्रह गरेकी छन् ।

मन्त्री राणाले भियनामले पछिल्ला वर्षहरूमा हासिल गरेको आर्थिक सफलताका लागि बधाई दिएकी थिइन् । सांस्कृतिक पर्यटन प्रवर्धनका क्षेत्रमा दुवै देश मिलेर काम गर्न सकिने उनले बताइन् ।नेपाल सन् २०२७ देखि २०२९ सम्मका लागि मानवअधिकार परिषद्को सदस्य र २०२९ देखि २०३१ सम्मका लागि आर्थिक तथा सामाजिक परिषद् सदस्यमा उम्मेदवारी दिएकाले त्यसमा सहयोगका लागि आग्रह गर्दा उपराष्ट्रपति भोले नेपाललाई सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको परराष्ट्र मन्त्रालयले जानकारी दिएको छ ।

मन्त्रालयका अनुसार नेपाल र भियतनाम द्विपक्षीय र बहुपक्षीय तहमा एकअर्कालाई सहयोग र समर्थन गर्दै आएका उल्लेख गर्दै दक्षिण-दक्षिण सहयोग, जलवायु परिवर्तनजस्ता विश्वव्यापी एजेण्डाहरूमा आगामी दिनमा पनि सहकार्यका साथ अघि बढ्नुपर्नेमा छलफल भएको छ ।

भेटमा दुवैले जी ७७, नन अलाइन्मेन्ट मुभमेन्ट (नाम) का सदस्य राष्ट्रका रुपमा नेपाल र भियतनाम विकासशील देशहरूको हित रक्षाका लागि एकमत भएर काम गरिरहेको बताएका थिए ।

पाँच महिनादेखि अन्तर्राष्ट्रिय उडानविहीन बनेको छ । अर्बौं लगानी भएको विमानस्थलबाट लामो समयसम्म अन्तर्राष्ट्रिय उडान नहुँदा होटेल तथा पर्यटन व्यवसायीसँगै स्थानीय बासिन्दामा निराशा छाएको छ ।

गत अप्रिलदेखि कुनै पनि अन्तर्राष्ट्रिय उडान नभएको विमानस्थलले जनाएको छ । सन् २०२५ को जनवरीदेखि मार्चसम्म ३ महिनामा भने अन्तर्राष्ट्रिय उडान सन्तोषजन भएको थियो । उक्त अवधिमा २९९ अन्तर्राष्ट्रिय उडान भएका थिए । त्यो अवधिमा काठमाडौंको त्रिभुवन विमानस्थल मर्मत भइरहेकाले नेपाल एअरलाइन्स, जजीरा, फ्लाई दुबई र थाई एअर एसियाले भैरहवाबाट अन्तर्राष्ट्रिय उडान गरेका थिए । उक्त ३ महिनामा मात्रै १५ हजार १४८ यात्रुले विमानस्थल प्रयोग गरेका थिए ।

जाडो मौसममा भिजिबिलिटीको समस्या देखाउँदै विदेशी एअरलाइन्सहरुले उडान स्थगित गरेका थिए । पछि नेपाल नागरिक उड्डयन प्राधिकरणले आरएनपीएआर प्रविधि लागू गरेपछि करिब एक महिना अन्तर्राष्ट्रिय उडान पुनः सुरु भए पनि त्रिभुवन विमानस्थल मर्मत सकिएपछि चैत १६ देखि भैरहवाबाट पुनः उडान बन्द भएको हो ।

उद्घाटन भएको तीन वर्ष पूरा भइसक्दा पनि विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान नियमित र पर्याप्त नभएपछि व्यवसायीहरू पटक-पटक आन्दोलन गरिरहेका छन् । तर पनि विमानस्थल सञ्चालन नहुँदा उनीहरुमा निराशा छाएको छ ।

## लिपुलेकबारे भारत-चीन सहमति अनुचित : पोखरेल



दाङ । नेकपा (एमाले)का महासचिव शङ्कर पोखेलले नेपालको सहमतिबिना चीन र भारतले नेपाली भूमि प्रयोग गर्न खोज्नु अनुचित भएको बताएका छन् ।

घोराहीमा प्रेस चौतारी नेपाल दाङले शनिबार आयोजना गरेको पत्रकार सम्मेलनमा पोखेलले लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्र नेपालकै भूमि भएको उल्लेख गर्दै सहमतिबिना प्रयोग गर्ने प्रयत्नलाई अस्वीकार्य हुने बताए ।

'दुई छिमेकी राष्ट्रहरूले नेपालको भूमि प्रयोगका सन्दर्भमा नेपालकै सहमतिबिना लिम्पियाधुरा, लिपुलेक, कालापानी प्रयोग गर्न खोजेका छन् ।

नेपालले कूटनीतिक नियोगमार्फत् असहमति जनाएको छ । नेपालको सहमति र सहभागिताबिना गरिने कुनै पनि समझदारी अनुचित हुन्छ । तथ्य र प्रमाणका आधारमा समस्या समाधान गर्न पहल गर्नुपर्छ ।'- उनले भने ।

सुगौली सन्धिको सीमानै वास्तविक सीमा भएको दाबी गर्दै उनले नेपालले राखेको अडान तथ्य र प्रमाणमा आधारित रहेको बताए ।

सरकारको कार्यक्षमता र उपलब्धिबारे नेता पोखेलले भने-'अघिल्लो अवस्था र अहिलेको अवस्थालाई तुलना गर्दा यो सरकार सफल देखिएको छ । राजस्व बढेको छ, खर्च गर्ने क्षमता मजबुत भएको छ, लगानीयोग्य वातावरण बनेको छ र निजी क्षेत्र उत्साहित छ ।'

यसैबिच, पोखेलले एमालेको दोस्रो विधान महाधिवेशन यही भदौ २१, २२ र २३ गते हुने जानकारी दिए । महाधिवेशनमा राजनीतिक, सङ्गठनात्मक र विधान संशोधनसहित तीन वटा प्रस्तावमाथि छलफल हुने उनले बताए । उनका अनुसार साढे छ लाख सदस्य छलफलमा सहभागी हुनेछन् ।

महासचिव पोखेलले पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी पार्टीको सक्रिय राजनीतिमा आउनु उचित नरहेको जनाए । 'पूर्वराष्ट्रपतिजस्तो सम्मानित व्यक्तिलाई कुनै गतिविधि गर्न नदिएर घरभित्रै बन्धक बनाउनुहुँदैन । सामाजिक रूपमा सक्रिय हुन कुनै रोकतोक छैन', उनले भने-'सामाजिक जीवनका क्रियाकलापमा आउनै हुन्न भन्ने होइन, बन्धक नै बस्नुपर्छ भन्नै छैन ।'

## एमबीबीएस र बीडीएस सिट बढाउने निर्णय सच्याउन अल्टिमेटम

बुटवल । एमबीबीएस र बीडीएस अध्ययनका लागि सिट संख्या बढाउने सरकारको निर्णय तत्काल सच्याउन माग गर्दै प्रा.डा गोविन्द केसीले एकहप्ते अल्टिमेटम दिएका छन् । उक्त निर्णयप्रति उनले आपत्ति जनाएका छन् । चिकित्सा शिक्षा आयोगको २१औं बैठकले एक सय सिट रहेको एमबीबीएसको सिलिङ बढाएर १३० र ५० सिट रहेको बीडीएसलाई ६० पुऱ्याउने निर्णय गरेको थियो ।

सरकारको त्यो निर्णयले स्वास्थ्य शिक्षा र सेवाको गुणस्तरमा प्रत्यक्ष नकारात्मक असर पार्ने उनले बताएका छन् ।

उनले आफूहरूका माग पूरा गर्न सरकारलाई थप एक साताको समय दिएको र उक्त समयसीमाभित्र माग पूरा नभए सत्याग्रह थाल्ने चेतावनी दिएका छन् ।

'चिकित्सा शिक्षा आयोगलाई हाम्रो माग पूरा गर्न थप एक हप्ताको समय दिन्छौं । त्यो समयसीमाभित्र पनि हाम्रा मागहरूको सुनुवाइ नभए सत्याग्रहसहितका आन्दोलनका कार्यक्रम सुरु गर्न बाध्य हुनेछौं भन्ने कुरा जानकारी गराउँदछु ।'- केसीले भनेका छन् ।

उनले प्रधानमन्त्री केपी शर्मा ओली, पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा र प्रचण्डलाई सत्ता र पदको दुरुपयोग गरेर माफियलाई संरक्षण दिने काम गरेको आरोप पनि विज्ञप्तिमार्फत् लगाएका छन् ।

हालैको सिट बढाउने गैरजिम्मेवार निर्णयलगायत केही समययताका आयोग सरकार र अदालतका गलत निर्णय तथा फैसलाले चिकित्सा शिक्षा ऐनको अस्तित्व नै धरापमा परेको उनले बताएका छन् ।

## भूमि विधेयकविरुद्ध जसपा आन्दोलित

बुटवल । भूमि विधेयकका विरुद्धमा जनता समाजवादी पार्टी (जसपा), नेपालले सडक प्रदर्शनका कार्यक्रम घोषणा गरेको छ । महासचिव लालबाबु राउतले प्रेस वक्तव्य जारी गरी ९ भदौदेखि देशका प्रमुख शहरहरूमा विरोध प्रदर्शन हुने जानकारी दिएका छन् ।

'भूमि विधेयककाविरुद्ध कडा प्रतिकर गर्ने र विरोधमा उत्रिने निर्णय गरेबमोजिम यही भाद्र ९ देखि १५ गतेसम्म भूमि विधेयकविरुद्ध देशका विभिन्न शहरहरुमा व्यापक विरोध प्रदर्शनमा सहभागी भइ सहयोग ....।'- वक्तव्यमा भनिएको छ ।

५ भदौमा प्रतिनिधि सभाको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिबाट अगाडि बढेको विधेयकले जनतालाई भन्दा पनि भू-माफिया, जग्गा दलालको हित हुने र तराई/मधेश मरुभूमिकरण हुने जसपा नेपालले जनाएको छ ।

भूमिसम्बन्धी अध्यादेशमा आएकै व्यवस्था राखेर विधेयक बनाइएको भन्दै जसपा नेपालले विरोध जनाउँदै आएको छ ।

**हार्दिक आभार एवं कृतज्ञता**



नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन शिर्षकमा हरेक वर्ष गर्ने छनोटमा तिलोत्तमा नगरपालिका देशभरका नगरपाकिलामध्ये तेस्रो र लुम्बिनी प्रदेशमा पहिलो बन्न सफल भएकोमा यस सफलतामा आआफ्नो ठाउंबाट योगदान गर्नुहुने पालिकाका जनप्रतिनिधि,कर्मचारी, संघ र प्रदेश सरकार, दातृ निकाय, राजनीतिक दल, सञ्चार जगत र समस्त नगरवासीमा हार्दिक आभार एवं कृतज्ञता प्रकट गर्दै आगामी दिनमा पनि यस्तै साथ र सहकार्यको अपेक्ष गर्दछौं ।

**खुमलाल भुसाल** — प्रमुख प्रशासकीय अधिकृत
**जगेश्वरदेवी चौधरी** — उप-प्रमुख
**रामकृष्ण खांण** — नगर प्रमुख

**तिलोत्तमा नगरपालिका परिवार**

**हार्दिक आभार एवं कृतज्ञता**



नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन शिर्षकमा हरेक वर्ष गर्ने छनोटमा रुरुक्षेत्र गाउंपालिका देशभरका गाउंपाकिलामध्ये दोस्रो र लुम्बिनी प्रदेशमा पहिलो बन्न सफल भएकोमा यस सफलतामा आआफ्नो ठाउंबाट योगदान गर्नुहुने पालिकाका जनप्रतिनिधि, कर्मचारी, संघ र प्रदेश सरकार, दातृ निकाय, राजनीतिक दल, सञ्चार जगत र समस्त पालिकावासीमा हार्दिक आभार एवं कृतज्ञता प्रकट गर्दै आगामी दिनमा पनि यस्तै साथ र सहकार्यको अपेक्ष गर्दछौं ।

**लक्ष्मण पाण्डे** — प्रमुख प्रशासकीय अधिकृत
**मिनादेवी गौतम** — उपाध्यक्ष
**यदु ज्ञवाली (सन्तोष)** — अध्यक्ष

**रूरूक्षेत्र गाउँपालिका परिवार**

## सम्पादकीय

# बसाइँसराइलाई रोक्ने चुनौती

अर्घाखाँचीबाट तीन वर्षमा ३ हजार घरपरिवारले बसाइँ सरे । गत आर्थिक वर्ष २०८१/०८२ मा ७ सय ५५ घरपरिवारले बसाइँ सरेर तराई झरे । पहाडबाट बसाइँसराइ तीव्र भइरहेको छ । बसाइँसराइले अर्घाखाँची मात्रै नभई मध्यपहाड रित्तिने जोखिम बढेको छ ।

२०७८ को जनगणनामा जनसंख्या घट्ने लुम्बिनी प्रदेशका ३१ मध्ये २९ पालिका पहाडका हुन् । पहाडका ती पालिकाबाट मानिस बसाइँ सरेर तराई झरे । पहाड रित्तिंदै जाँदा जति समस्या चुलिंदै जानेछन्, तराईमा जनसंख्याको चापले उत्तिकै समस्याका चाङ थपिनेछन् । जनसंख्याको असमान वितरणले राज्य स्रोतको प्रयोग र वितरण जटिल बन्दै जाने जोखिम छ । स्रोतको वितरणअनुसार अपेक्षित प्रतिफल प्राप्त नहुँदा सरकार र शासन व्यवस्थाप्रति अनेकौं प्रश्न खडा हुन सक्छन् ।

पहाडमा अहिले विकास पुगेको छ । गाउँ-गाउँमा सडक पुगेको छ । विद्यालयमा पूर्वाधार राम्रो छ । स्वास्थ्य चौकी भवन मात्रै होइन्, सेवा प्रवाह पनि राम्रो छ । जिल्ला सदरमुकाम अहिले नागरिकताको कामको लागि मात्रै जानुपर्छ । पहिले कृषि, शिक्षालगायत अरु कामका लागि सदरमुकाम जानुपर्ने बाध्यता छैन । अहिले पालिका कार्यालय र वडा कार्यालयबाटै धेरै काम हुन्छ । मुलुक संघीयतामा गएपछि गाउँघरमै सेवाप्रवाह छिटो छरितो हुन्छ । गाउँमा विकास पुगेको छ, तर मान्छे छैनन् । विकासमा भएको असमानताले मानिसहरु बढी विकास भएको ठाउँमा जान खोज्नु स्वाभाविकै हो । अझ गाउँमा मान्छे टिक्न नखोज्नुको कारण आयआर्जन र उद्यमशिलताको विकास भएन् । आम्दानीको बाटो गाउँमै हुन्थ्यो भने मान्छे गाउँमै टिक्थे । अझ अर्घाखाँचीको कुरा गर्ने हो भने २०६४ मै साविकका ४२ गाविसमा सडक पुगेको हो । विकास गाउँ पुग्दा थातथलो छाडेर हिंड्ने अवस्था किन आयो ? त्रुटि कहाँ कहाँ भए ? यी प्रश्नको उत्तर खोज्नुपर्छ ।

पहाड समस्याका चाङ होइन् सम्भावनाको खानी हो । सम्भावनालाई अवसरमा बदलेर नागरिकको दैनिकीसँग जोड्नुपर्छ । तहगत सरकारले पहाडलाई नागरिकको दैनिकीसँग जोड्न सक्दा धेरै गर्न सकिन्छ । पाल्पाको रिब्दीकोट गाउँपालिकाले अकबरे खुर्सानी खेतीमा प्रोत्साहन गरेपछि यहाँका किसानले राम्रो आम्दानी गर्न थालेका छन् । शहर पसेका र विदेश गएका केही युवा गाउँ फर्केका छन् । गुल्मीको धुर्कोटका केही युवा व्यवसायिक सुन्तला खेती गर्न शहरबाट गाउँ फर्केका छन् । स्थानीय तहले गाउँमै टिक्ने वातावरण बनाउन प्रदेश र संघीय सरकारको सहयोग लिनुपर्छ । पालिकाले आफ्नै ढंगले उत्पादनको मौलिक मोडल तयार गर्न सक्छन् ।

अब विकास माथिबाट लाद्नै होइन । अवसरको पहिचान गरी उत्पादन बढाउन लाग्नुपर्छ त्यसका लागि हरेक पालिकाले आफ्नै मोडल बनाउन सक्छन् । पालिकाले उत्पादनमुखी विकासको मोडल तयार गर्दा गाउँ छाड्ने होइन्, फर्कनेहरु बढ्नसक्छन् ।

# मानवतावादी चिन्तक



तारा बस्याल

जयपृथ्वीबहादुर सिंहको विश्व शान्ति र मानवतावादको दृढ मौलिक धारणाका अगाडि ससुरा तत्कालीन श्री ३ चन्द्रशमशेरले सुम्पिएका पद र मानपदवीले कुनै अर्थ राखेनन् । २४ वर्षको उमेरमा गोरखापत्रको व्यवस्थापक, ब्रिटिस भारतका लागि कन्सुलर जनरल, भारदारी अड्डाको प्रमुख जस्ता राणाशासनले दिएका मान पदवीले उनको मानवतावादको अवधारणाको गतिलाई रोक्न सकेन । तत्कालीन प्रधानमन्त्री जङ्गबहादुर राणाका छोरीपट्टिका नाति र प्रधानमन्त्री चन्द्रशमशेरका छोरीज्वाइँ भएकाले राणाशासकको जीवनशैली एवं सत्ताको लडाइँलाई नजिकबाट देखेका र बझाङ जस्तो विकट क्षेत्रको शैक्षिक, सामाजिक, आर्थिक, राजनीतिक अवस्था पनि उनले राम्ररी बुझेका थिए ।

**राणा शासनको विरोध**

पहिलो विश्वयुद्धमा नेपाल सहभागी हुनुहुँदैन भन्ने मत राखेका उनले एकतन्त्रीय, जनविरोधी, अङ्ग्रेजपरस्त राणाशासनको चक्रमा पिसिएर नेपालमा परिवर्तन सम्भव नदेखेर भारतमा बसी नेपालको एकतन्त्रीय शासन व्यवस्थाविरुद्ध योगदान पुर्‍याएका थिए । जयपृथ्वीले आफूलाई विसं १९९६ मा सँगै लिएर कलकत्ताको कालीघाट गएको र त्यहाँ दशरथ चन्द, महेन्द्रविक्रम शाह र धर्मभक्तसँग भेट गराई मलाई पनि सँगै काम गर्न भनेका थिए भने झापा, भद्रपुरका रणकेशर बुढाथोकीको भनाइ रफाजले प्रकाशित गरेको शान्तिका उपाय पुस्तकमा लेखिएको छ ।

जयपृथ्वीसँग बाबुराम आचार्य जीवनभर सँगै बसेका थिए र उनको सम्पूर्ण व्यवस्था जयपृथ्वीले नै गरिदिएका थिए । जयपृथ्वीका विद्यार्थी एवं शिष्य नेपालका इतिहास शिरोमणि बाबुराम आचार्यले आफ्नो 'नेपाली शिक्षाको इतिहास' मा लेखेका छन्-"राजा जयपृथ्वीबहादुर सिंहले छपाइ राखेका पाठ्यपुस्तकमध्ये एउटा जापानको उत्थानको वृत्तान्त लेख्दा..चन्द्रशमशेर झसङ्ग भए । जापानका शोगुन जस्तै आफू रहेका हुनाले विद्यार्थीलाई भड्काएर क्रान्ति मचाउने उद्देश्यले यो पुस्तक लेखिएको रहेछ भन्ने तर्कना गरी रोष प्रकट गरे ... ।" राणा प्रधानमन्त्री चन्द्रशमशेरले झस्कनुपर्ने त्यसताकाको अवस्था नै थियो । किनभने त्यसै बेला रुसमा लेनिन र भारतमा गान्धी जयपृथ्वीका समकालीन थिए । बेलायती उपनिवेशको जगजगी थियो ।

**मानवतावादको अवधारणा र विश्व भ्रमण**

सन् १९२८ मा 'पिस एन्ड युनिटी प्रोपोगन्डा ब्युरो' गठन गरेर सन् १९२९ सेप्टेम्बरदेखि सन् १९३८ सम्म 'दी फ्लेग अफ पिस' को नारा बोकेर उनले १० वर्षसम्म विश्व भ्रमण गरेका थिए । विश्वका अधिकांश मुलुक नेपालको दौत्य सम्बन्ध स्थापना भइनसकेको अवस्थामा जयपृथ्वीले अमेरिका, जापान, चीन, स्विट्जरल्यान्ड, जर्मनी, चेकोस्लोभाकिया, अस्ट्रिया, हङ्गेरी, रोमानिया, पोल्यान्ड, फ्रान्स इटली, अविसिनिया, श्रीलङ्का, बर्मालगायतका मुलुकको भ्रमण गरी ती मुलुकका विभिन्न सहरमा आफूद्वारा प्रतिपादित 'मानवतावाद' दर्शनबारे प्रवचन दिएका थिए । जयपृथ्वीको यस प्रयासले जनस्तरबाट नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारमा उल्लेख्य योगदान पुगेको पाइन्छ । युद्धरत मुलुकका पीडित पक्षलाई उद्धार र आक्रामक पक्षलाई मानवता सम्झाउन विश्वशान्तिका लागि मानवतावाद भनेको त्यो सिद्धान्त हो जुन प्रत्येक व्यक्तिले पशुभन्दा पृथक् भई धर्मको रूपमा नभएर कर्तव्यको रूपमा अनुसरण गर्नु पर्छ ।

**शैक्षिक क्षेत्रमा योगदान**

जयपृथ्वीले काठमाडौँ, बझाङ र बर्मा मेमियोमा सत्यवादी पाठशाला स्थापना गरेका थिए भने अक्षराङ्क शिक्षा, श्रेस्ता दर्पण, शिक्षा दर्पण, पदार्थतत्व विवेक, व्यवहारमाला, भूगोल विद्या, प्राकृत व्याकरण, जपानको इतिहास र तत्वप्रशंसा नामक पुस्तक प्रकाशन गरेका थिए ।

**आर्थिक सामाजिक योगदान**

बझाङमा छाला प्रशोधन, तामा, फलाम तथा ढलोट, नेपाली हाते कागज, घरेलु कपडा र सिलाइ उद्योग स्थापना गरेका थिए । फलाम खानी, तामा खानी, हाते कागज उद्योग, काँचो छाला प्रशोधन, जुत्ता कारखाना, कपडा उद्योग, सिलाइ उद्योग, जडीबुटी प्रशोधन जस्ता उद्योगहरूको बझाङभर विस्तार गरेका थिए । बझाङमा छुट्टै न्यायालय खडा गरी कानुन निर्माण गरेर अन्यायका विरुद्ध न्यायालय जान दैलो-दैलोमा सूचना टाँस्न लगाउनुका साथै अक्षर पढ्न सक्नेको घुम्ती टोली पठाई सूचना पढ्न लगाएका थिए । बझाङमै खग आयुर्वेद औषधालय स्थापना गरेका थिए । यस्तै कलकत्ताबाट फर्कंदा उनले गोरखापत्रका लागि हाते प्रेस ल्याएका थिए ।

विसं १९६७ मा उनले बझाङमा क्रान्तिकारी भूमिसुधार व्यवस्था लागु गरी बझाङका राजारजौटाका नाममा दर्ता रही आएका जग्गामा मोहियानी हक दिलाई सर्वसाधारण नागरिकका नाममा जग्गा दर्ता गराएका थिए । विसं १९६७ देखि १९६८ सम्ममा जयपृथ्वीले बझाङबाट डाँसे-फडिल्ले डडेलधुरा हुँदै भारतको टनकपुर, बझाङबाट बित्थड बैतडी हुँदै भारतको झुलाघाट, बझाङबाट बाजुरा हुँदै जुम्ला, चैनपुर बझाङबाट मानसरोवर तिब्बतसम्मको घोरेटा बाटा र धर्मशाला निर्माण गरेका थिए । विसं १९६५ मा जयपृथ्वी गोरखापत्रका प्रमुख सम्पादकका हैसियतले बेलायत गएका थिए । जयपृथ्वीको प्रतिभाबाट प्रभावित भई बेलायतका सम्राट् सप्तम एडवर्डबाट उनले मानार्थ कर्नेल उपाधि पनि पाएका थिए ।

**जयपृथ्वी पास**

विसं १९६४ मा जयपृथ्वीलाई भारदारी अड्डा प्रमुख बनाइयो र न्याय हेर्ने सम्पूर्ण जिम्मेवारी पनि सुम्पियो । उनका विचारलाई चन्द्रशमशेरले सहजै लिएका थिएनन् । जयपृथ्वीको उच्च बौद्धिकता, देश र नागरिकप्रतिको हेराइले गर्दा चन्द्रशमशेर पनि प्रभावित नभई रहन सकेनन् । यही प्रभावका कारणले जिम्मेवारी सुम्पिएर जयपृथ्वी पासको व्यवस्था गरियो । त्यसैले त्यसताका कसैले पनि सरकारी नोकरीमा काम गर्न जयपृथ्वीबाट पास लिनुपर्थ्यो । जुन पदलाई पछि प्रधानन्यायाधीश भन्ने पद सिर्जना गरिएको हो । यो उनीप्रतिको निगाह र दया नभएर यिनको बौद्धिक क्षमताको कदर थियो ।

विश्व भ्रातृत्व र शान्तिप्रतिको आफ्नो विचार संसारभर फैलाउन दक्षिण भारतको गङ्गाधर चेट्टी रोड बैङ्गलोरमा सन् १९२७ मा 'जय भवन' निर्माण गरे भने सन् १९२८ मार्च ८ बिहीबारका दिन 'ह्युमानिस्टिक क्लब' को उद्घाटन गरे । सन् १९२८ सेप्टेम्बरमा मानवतावाद नामक अङ्ग्रेजीपुस्तक विमोचन गरे । यस्तै सन् १९२८ जुलाई मा 'दी ह्युमानिस्ट' मासिक अङ्ग्रेजी पत्रिका प्रकाशन गरे । सन् १९२८ मा पिस एन्ड युनिटी प्रोपगन्डा ब्युरो गठन गरेर सन् १९२९ सेप्टेम्बरदेखि सन् १९३८ सम्म विश्व भ्रमण गरेका थिए । मैसुरका तत्कालीन राजा जय साबराडे रावसँग सम्बन्ध बढाई भारतको मैसुर राज्यको कुर्ग भन्ने ठाउँमा नेपालीको बस्ती बसाले । भारतको देहरादुन र नैनितालमा नेपाली भाषा स्कुल खोले । देहरादुन, नैनिताल र मेघालयबाट गोरखा-संसार, तरुण-गोरखा, हिमचुली र गोरखा-सेवक नामक नेपाली पत्रिकाहरू प्रकाशन गराएका थिए । उनले संसारका सबै मानिस एउटै परिवारका सदस्यका रूपमा र सबै देशले सहअस्तित्वको माध्यमद्वारा विश्वब्रह्माण्डको छहारीमुनि रहन सकेमा मात्र स्थायी विश्वशान्ति सम्भव छ भन्ने कुरा बुझाउन एवं युद्धरत मुलुकका पीडित पक्षलाई उद्धार र आक्रामक पक्षलाई मानवता सम्झाउन विश्वशान्ति सञ्जाल खडा गरी विश्वव्यापी रूपमा शान्ति र मानवतावादी सङ्गठनहरू खोलेका थिए ।

**अन्तर्राष्ट्रिय सञ्चार माध्यम**

जयपृथ्वीको विश्व भ्रमणका दौरान विश्वसमुदायबिच एक आकर्षक र केन्द्रीय व्यक्तित्वका रूपमा प्रतिष्ठित थिए भन्ने कुरा तत्कालीन अन्तर्राष्ट्रिय सञ्चार माध्यमले सम्प्रेषण गरेका केही अंश शान्तिका उपाय नामक पुस्तक समेटिएको पाइन्छ । संयुक्त राज्य अमेरिकाको 'न्युयोर्क टाइम्स' ले लेखेको छ- 'सिकागोमा २७ अगस्तका दिन उद्घाटन हुने विश्व आस्था मैत्रीसम्मेलनमा सम्बोधन गर्ने विभिन्न व्यक्तिमा एक जना नेपालका जयपृथ्वीबहादुर सिंह, जो सबैभन्दा आकर्षणका व्यक्ति हुने छन् । उनी भूतपूर्व राष्ट्रपति हवर्ट हुवर, न्युटन डी. बेकर तथा प्रोफेसर जोन देवेले आयोजना गरेको सम्मेलनमा भाग लिन यस न्युयोर्क सहरमा आइपुगेका छन्... ।'

हेराल्ड सिकागोले लेखेको छ ब्रिटिस इन्डिया र तिब्बतकाबिच हिमालको दक्षिण मोहडामा अवस्थित नेपालका राज्यमध्ये बझाङ राज्यका राजा जयपृथ्वीले १९१४ मा आफूलाई परित्याग गरी मानवतावादको प्रचारका लागि विश्व भ्रमण गर्दै न्युयोर्क आउनु भएको छ... । यस्तै अमेरिकाको न्युयोर्कबाट प्रकाशित हुने 'इभिनिङ जर्नल' ले लेखेको छ-'जयपृथ्वीबहादुर सिंह धर्मालम्बी होइनन् तर उनको आफ्नै एउटा दर्शन छ, जसलाई उनी मानवतावाद भन्दछन् । मानिस सबै एउटै हुन् भन्ने मत उनले राखे । उनले विश्व आस्थामैत्री संसद्सामु दिएको प्रवचनले विश्वआस्था मैत्रीसङ्घलाई जन्म दिएको छ ।'

'जापान टाइम्स' ले लेखेको छ-'विशिष्ट चरित्र भएका जयपृथ्वीबहादुर सिंह जापानको भ्रमणका लागि टोकियो आइपुगेका छन् । यिनी एउटा दार्शनिक र लेखक हुन् ।' 'दी नर्थ चाइना डेली न्यूज' ले लेखेको छ, 'हाल साङ्घाईको भ्रमणमा आउनुभएका जेपीबहादुर सिंहका विचारको प्रत्यक्ष नतिजाबाट अमेरिकाको सिकागोमा गत ग्रिष्ममा आयोजना गरिएको विश्वआस्था मैत्रीसम्मेलनले विश्वव्यापी शान्तिद्वारा व्यक्तिगत सुरक्षा कायम राख्ने उद्देश्यले 'अन्तर्राष्ट्रिय विश्वआस्था मैत्रीसङ्घ' को स्थापना भएको छ ।' 'चाइना प्रेस' ले प्रकाशित गरेको छ-'जयपृथ्वीबहादुर सिंहले साङ्घाईमा एउटा सारगर्भित भाषण दिए, जसमा उनले विभिन्न राष्ट्रबिच शान्ति र सुरक्षा प्रवर्धन गर्न विश्वमा नै एउटा आन्दोलन चलाउनुपर्ने कुराको सशक्त वकालत गरे...।'

'दी साङ्घाई टाइम्स' ले लेखेको छ- 'यस्तो लाग्छ, राजा जेपीबहादुर सिंह चीनका सामयिक यात्री हुन्, जसले विश्व शान्ति प्राप्तिका लागि आफूलाई समर्पित गर्न आफ्ना पद र सुविधाहरू परित्याग गरेका छन् । शिकागोमा कैयौँ राष्ट्रका प्रतिनिधिको विशाल सभालाई सम्बोधन गर्दा राजाले विश्व शान्तिको शिष्यको रूपमा महत्वपूर्ण सम्मान हासिल गरे ।' 'दी सिलोन अवजर्भर' ले लेखेको छ-'राजगद्दी परित्यागपश्चात् राजा जेपीबहादुर सिंहले विश्वका दुःखको बारेमा सोचेका थिए र ती विचारलाई उनले कागजमा उतारे, जसले 'ह्युमानिज्म' नामक पुस्तकका ठेलीको रूप लियो । यी पुस्तकहरूमा उनले मानव जीवनका सम्पूर्ण पक्षलाई समेट्ने दर्शन घुसाएका छन् ।'

टाइम्स अफ इन्डिया बम्बईले लेखेको छ-'ह्युमानिस्टिक क्लब बैङ्गलोरका संस्थापक अध्यक्ष तथा नेपालका राजा जयपृथ्वीबहादुर सिंहले त्यस संस्थाको लामो अवधिभर भएको सम्मेलनको प्रकृति र कार्यमाथि प्रकाश पारे । उनले भन्ने कि त्यो सम्मेलनमा सबै राष्ट्र तथा मुलुककाबिच सद्भावना र एकताको भावनाको विकास गर्नुपर्ने आवश्यकता तथा मानवीय कष्टहरूको निवारण गर्नुपर्ने अनिवार्यता जस्ता विविध विषयमाथि छलफल गरियो ।' उनको मृत्युबारे भारतीय पत्रिका 'हिन्दुको मद्रास संस्करणमा 'दी डिमाइस अफ सेकेन्ड गौतम बुद्ध' शीर्षकको समाचार प्रकाशन भएको थियो ।

दर्शन भन्नु मानिसलाई साधारणबाट विशिष्टतामा पुर्‍याउने एक शिक्षा हो, जसले तर्कसङ्गत अध्ययन गरी मानव समाजको हितका निम्ति जीवन र जगत्को विश्लेषण गर्छ । त्यसैले दर्शन मानिसको चिन्तन, व्यवहार, गतिविधि तथा समग्र जीवनका बारेमा अध्ययन गर्ने-गराउने शास्त्र भएकाले मानवतावादी जयपृथ्वीले मानवतावाद नेपाली माटोभित्रै खोजे । नेपाली गाउँबस्तीभित्रै खोजे । नेपाली झुप्रा-झुपडी र महलभित्रै खोजे । नेपाली नाङ्गा र भोका अनुहारभित्रै खोजे । नेपाली आमाको मौलिक रूपभित्रै खोजे र मानवमात्रको अन्तर्मनमा आफ्नो दर्शनलाई खोजेका थिए । उनको यो कार्य तत्कालीन नेपाली समाजका लागि मात्र नभई विश्व समाजका लागि नै अभूतपूर्व र चामत्कारिक थियो । परिवर्तनकारीका लागि न पद चाहिन्छ, न राज्यसत्ता नै भन्ने कुरामा उनको विश्वास थियो । उनले आफ्नो उमेर, अनुभव र अध्ययनको परिपक्वतासँगै मानवतावादी दृष्टिकोण बनाएर विश्वशान्ति अभियानमा जुटेका थिए ।

निःसन्तान ६३ वर्षको जीवन व्यतीत गरेका यी महापुरुष तथा राष्ट्रिय विभूतिद्वारा आफैँ लेखिएको आत्मकथाको पाण्डुलिपिको खोजी गर्न सकेमा थप जानकारी प्राप्त हुन सक्ने छ । उनको नामको अर्धकदको सालिक गोरखापत्र संस्थान प्रधान कार्यालय, काठमाडौँ परिसरमा स्थापना गरिएको छ भने जयपृथ्वी उत्कृष्ट कर्मचारी पुरस्कार पनि हरेक वर्ष प्रदान हुँदै आएको छ । रसिया भ्रमण गर्ने पहिलो नेपाली जयपृथ्वी र नेपाल भ्रमण गर्ने पहिलो रसियन इभान मिनायभको नामबाट जयपृथ्वी-इभान मिनायभ पुरस्कार पनि मस्कोबाट प्रदान हुँदै आएको छ । राफाज र ह्युम्यानिज्म तथा जयपृथ्वीबहादुर फाउन्डेसन नाम संस्थाहरूले काम गरिरहेका छन् भने गोरखापत्र संस्थानले पनि यस विषयमा थप अनुसन्धान गर्नु आवश्यक देखिन्छ । नेपाल सरकार मन्त्रिपरिषद्को २०७९ असार ६ गते बसेको बैठकबाट जयपृथ्वीबहादुर सिंहलाई १८औँ राष्ट्रिय विभूति घोषणा गरेको थियो । विसं १९३४ भदौ ७ गते जन्मेका महापुरुषको विसं १९९७ असोज १ गते देहान्त भएको थियो । गोपबाट

# फेब्राइल सीजर र अभिभावकले ध्यान दिनुपर्ने कुराहरू

डा.रामसुफल राम

बालबालिकाहरुलाई ज्वरो आउनु एक सामान्य कुरा जस्तो भए पनि कहिलेकाही उच्च ज्वरोले गर्दा बच्चाहरूलाई झट्का (कम्पन/चम्की) आउनसक्छ, जसलाई फेब्राइल सीजर भनिन्छ । खासगरी ६ महिनादेखि ५ वर्षसम्मको बच्चाहरुलाई जुनसुकै कारणले गर्दा अचानक अत्यधिक ज्वरो (३८° माथि) हुँदा झट्का आउने गर्छ, जसमा मस्तिस्कको संक्रमण, टाउकोको चोट, मेटाबोलिक असन्तुलन र ज्वरोबिनाको झट्काको इतिहास हुँदैन । अभिभावकको लागि निकै डरलाग्दो हुने फेब्राइल सीजर बारे सही जानकारी, हेरचाह र सामान्य उपचारले पनि सजिल्यै निको पार्न सकिन्छ ।

यसमा बच्चालाई आउने अनियन्त्रित झट्का केही सेकेन्डदेखि मिनेटसम्म रहन सक्छ । अधिकांश केसमा यो हानिरहित हुन्छ र बच्चाको मस्तिष्कमा वा वृद्धि-विकासमा स्थायी प्रभाव पार्दैन ।

अभिभावले बच्चामा फेब्राइल सीजरको झट्का पहिचान गर्नु जरुरी हुन्छ । बच्चाहरूमा उच्च ज्वरो आउँदा बेहोस हुने, आँखा उल्टाउने, शरीर अररो हुने, जिउ काम्ने, मुखबाट फिज (र्याल) बग्ने, सांस फेर्न अप्ठ्यारो भएको जस्तो हुने र दात बाँध्ने जस्ता लक्षणहरू देखा पर्न सक्छ ।

जिउ काम्ने बन्द भएपछि पनि केहीबेर बच्चाहरु सुस्त (कमजोर) रहन सक्छ र ज्वरो कम हुँदै जाँदा बच्चाको अवस्थामा क्रमिक सुधार आउन थाल्छ ।

यसबाट जोगाउन अभिभावकले ज्वरो बढेको संकेत थाहा पाउनासाथ ज्वरो नाप्ने र ज्वरो छ भने चिकित्सकको सल्लाह बमोजिम ज्वरो कम गर्ने औषधी (सिटामोल) दिइहाल्नुपर्दछ । हाइड्रेड राख्ने र आवश्यकता अनुसार पानीपट्टी पनि गर्न सकिन्छ ।



**सीजर (कम्पन) आएको बेला ध्यान दिनुपर्ने कुराहरू**

- अभिभावकहरु नआतिएर, बच्चालाई सुरक्षित स्थानमा, देब्रे कोल्टो पारेर राख्नुपर्छ ।
- बच्चालाई भुइँमा वा नरम सतहमा सुताउनुपर्छ ।
- बच्चालाई चोटपटक लाग्न दिनु हुँदैन ।
- मुखमा केही छ भने झिकिदिनुपर्छ ।
- लगाएको बाक्ला/टाइट कपडाहरु खोलिदिनुपर्छ र हल्का लुगा लगाइदिनुपर्छ ।
- कोठाको तापक्रम कम गर्न हावा जाने-आउने वा खुल्ला ठाउँ हुनुपर्छ ।
- मुखमा चम्चा वा केही हाल्ने वा हातखुट्टा समात्ने/बाध्ने गर्नुहुँदैन ।
- सीजर नरोकिंदासम्म औषधी, पानी वा अन्य केही कुरा खुवाउनु हुँदैन, सर्किने सम्भावना हुन्छ ।
- सीजर कति समयसम्म चल्यो भनेर नोट गर्नुपर्दछ ।
- यदि सीजर (झट्का/कम्पन) ५ मिनेरभन्दा धेरै आयो भने तुरुन्त चिकित्सको सल्लाह लिनुपर्दछ ।
- ज्वरो घटाउने उपायहरु अपनाउनुपर्छ । (सिटामोल दिने/ पानीपट्टी गरिदिने)
- सीजर हराएपछि रिकभरी पोजिसन मा राख्दिनु पर्छ ।
- सम्भव भएमा भिडियो खिचेको राम्रो हुन्छ, जुन पछि चिकित्सकलाई सहयोगी हुनसक्छ ।

सीजर (झट्का) बन्द भएको २० देखि ३० मिनेटमा बच्चाहरु सामान्य अवस्थामा आउनु पर्छ । यदि लामो समयसम्म सुधार देखिएन भने वा शरीरको कुनै भाग नचल्ने भयो वा धेरै पटक छिटो-छिटो सीजर आयो भने - तुरुन्तै चिकित्सकको सल्लाह लिनुपर्दछ । ज्वरो र सीजरको कारण पत्ता लगाउन पनि चिकित्सकको सल्लाह लिनु आवश्यक हुन्छ ।

*(बालरोग विशेषज्ञ डा .राम उदयपुर जिल्ला अस्पतालमा कार्यरत छन् ।)*

# मुलुकको अस्मितामा कुनै विचार हुन्न ...



लुम्बिनी संवाददाता
*भैरहवा*

भदौरे गर्मीको हप्को खप्दै केही मानिसहरू शनिबार सिद्धार्थनगरको बिचैमा रहेको सहिद स्मृति पुस्तकालयमा भेला भए । ती सबैको चिन्तन-मननको विषयमा थिए युवाकवि मोतीराम भट्ट ।

जम्मा तिस वर्ष बाँचे पनि साहित्य सिर्जनाअन्तर्गत गजल, कविता, नाटक आदि लेखन, निर्देशन प्रशिक्षणलगायत समालोचना, पत्रकारिता र प्रकाशनका क्षेत्रमा उल्लेख्य कार्य गरेका मोतीराम भट्टको जन्मजयन्तीसहित स्रष्टा सम्मान गर्न सिसास अर्थात् सिर्जनशील साहित्यिक समाज रूपन्देहीले यस्तो जम्को गरेको थियो ।

उपस्थित स्रष्टाहरूले मोतीरामका योगदानलाई साँचो मनले सम्झना त गरे नै, आआफ्ना सिर्जना, मन्तव्य र विमर्शका विषय पनि सार्वजनिक गर्न भ्याए । वि.सं. १९२३ मा कुसे औंसीका दिन काठमाडौँमा जन्मेर १९५३ को सोही तिथिमा सदाका निम्ति आँखा चिम्लिएका मोतीरामले नेपाली साहित्यको माध्यमिक कालको नेतृत्व गरेका थिए भने उनकै सक्रियतामा त्यस कालखण्डका थुप्रै विधाले हुर्कने तथा झँगिने मौका पाएको थियो ।

कार्यक्रममा सर्जक डिआर न्यौपाने 'सूर्य' गजलमा भन्दै थिए :

कोसिस गरे निरन्तर हर बार हार हुन्न
सङ्घर्षविहीन जीवन बाँचेर सार हुन्न
सायद विचार हुन्थ्यो घरको भए समस्या
मुलुकको अस्मितामा कुनै विचार हुन्न
..............................
रुनु उसैको सामु टेक्नु उनैको छाती
आमा र धर्तीलाई सन्तान भार हुन्न ।

दुर्गा थापा मगरले मोतीको सम्झनामा रचेको गजलांश यस्तो रह्यो :

नाम तिम्रै चित्र तिम्रै कोरिएको हुन्छ
तन छ टाढा मन तिमीमै अल्झिएको हुन्छ
........................
जोडबलले मात्र बन्दैनन् सदीक्षा पूरा
मिल्छ हाम्रो भाग्यमा जे लेखिएको हुन्छ ।

त्यस्तै यज्ञलाल सुवेदीको सम्झनामा मोती यसरी अङ्कित हुनपुगे :

गजलका सेरमा जागेर मोतीराम गर्जन्छन्
सहरका गाउँका बस्ती अनेकौँ चोक थर्कन्छन्
रचे इतिहास धेरै नै विधा आधार जन्माई
गजलका पारखीका मन त्यसै सम्झेर पग्लन्छन् ।

साहित्य सिर्जनामा लागेका नवपुस्ता देश-विदेश छरिएका छन् । ती सबैलाई आफूले मोतीरामकै रूपमा बुझेको भन्दै प्रमुख अतिथि प्राज्ञ बूँद रानाले गजल घन्काए :

हजारौँ नाममा यौटा छ प्यारो नाम सम्झन्छु
गजलको अर्चना गर्दै म मोतीराम सम्झन्छु ।

मौकामा सिसासका निवर्तमान अध्यक्ष कमल पोखेल निश्छलले सुनाए प्रेमिल गजल :

रानीवनमा घुम्न जाँदा भेटेको हो मैले
यो मनमा उसको नाम लेखेको हो मैले
लजाएर भाग्न उसले नखोजेकी होइन
मुस्कुराउँदै बाटो उसको छेकेको हो मैले ।

गजलसमेत सुनाएका छवि ज्ञवालीको मुक्तकले भन्यो :

कर्मयोगी मोतीराम बने युवाकवि
साहित्यलाई मानी धाम बने युवाकवि
सुकर्मका खानीलाई श्रद्धाञ्जली सधैँ
अल्पायुमै अमर नाम बने युवाकवि ।

सीता काफ्ले र गङ्गा घिमिरेले तिज गीत सुनाएको कार्यक्रममा बालसर्जक लेखनाथ ज्ञवाली 'छन्दक' ले 'पैसा' तथा सारथि ज्ञवालीले 'देश' शीर्षकमा कविता प्रस्तुत गरे भने देवी न्यौपानेबाट मुक्तकहरू सुनाइए । सिद्धार्थ साहित्य परिषद्का अध्यक्ष डिल्लीराज भट्टराई, सहिद स्मृति पुस्तकालयका अध्यक्ष रुद्र ज्ञवाली, आख्यानकारद्वय वनमाली निराकार र विजय सागर, सर्जक रमेश समर्थन तथा लेखक डा. दामोदर ढकालका मन्तव्यले मोतीलाई गजलकारका रूपमा मात्र सीमित गरी कार्यक्रम गर्नुभन्दा उनका समालोचक, पत्रकार, नाटक, सङ्गठक, व्यवस्थापक आदि विधाका योगदानलाई समेत उत्तिकै सम्झनुपर्ने खाँचो औंल्याए । राजेशकुमार चौधरी जिज्ञासु, खेमनारायण लम्साल, उर्मिला यादव, रुद्र शर्मा दुखी, लक्ष्मीप्रसाद अधिकारी, युवराज शर्मा खनाल, सिर्जना खनाल, उमेशचन्द्र रिजाल, याम थापा, नीमा डिसी, शान्ता अर्याल, सुवास रिजाल यात्री आदिलाई कार्यक्रमले असल श्रोताका रूपमा पायो ।

बूँद रानाबाट तुलिका (ब्यानर) को बेहोरा वाचन गरी उपस्थितिले मोतीको तस्विरमा अबिर-फूलमाला चढाएर सुरु भएको कार्यक्रममा सक्रिय सर्जकद्वय डिआर न्यौपाने 'सूर्य' र मन्जु सिग्देललाई दोसल्ला ओढाएर सम्मानपत्र प्रदान गरी मोती स्रष्टा सम्मान प्रदान गरियो ।

सिसासका अध्यक्ष सरु ज्ञवालीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा संस्थापक अध्यक्ष सुरज दीपशिखा र पूर्व अध्यक्ष नारायण भण्डारीबाट क्रमशः मोतीराम भट्ट तथा सम्मानित सर्जकबारे जानकारी गराइएको थियो भने सचिव रामराज गौतमले उद्घोषण तथा उपाध्यक्ष विष्णुप्रसाद गजुरेलले स्वागत मन्तव्य दिए ।

२०६० मा स्थापित सिसासले रूपन्देहीलाई कार्यक्षेत्र बनाई नेपाली भाषा, साहित्य, कला र संस्कृतिको विकासका निम्ति हरेक महिनाको तेस्रो शनिबार नियमित रूपमा गरी २ सय ५९ ओटा साहित्यिक सङ्गम सम्पन्न गरिसकेको छ । मोती जयन्तीमा गजलस्रष्टाको सम्मान तथा माघको वार्षिकोत्सवमा विविध विधाका सर्जकलाई पुरस्कार अर्पणलगायतका काम गर्दै आएको छ । हालसम्म करिब ६० जना सर्जकलाई साहित्यिक पुरस्कार अर्पण गरिसकेको छ ।

# लुम्बिनीका १०१ जना छात्रालाई साइकल वितरण



बुटवल । नेपाल-भारत मैत्री केन्द्र केन्द्रीय समिति, रुपन्देहीले लुम्बिनी सांस्कृतिक नगरपालिकाबाट एसईई उत्तीर्ण १ सय १ छात्रालाई साइकल वितरण गरेको छ । मित्र राष्ट्र भारतको स्वतन्त्रता दिवसको अवसर पारेर शनिबार लुम्बिनीमा एसईई उत्तीर्ण छात्राहरुलाई साइकल वितरण गरिएको हो ।

मैत्री केन्द्रका अध्यक्ष सिद्धार्थ अग्रवालले छात्रा विद्यार्थीलाई प्रोत्सहन गर्न साइकल उपलब्ध गराइएको जानकारी दिए । 'सरकारी विद्यालयमा अध्ययनरत छात्राहरुलाई प्रोत्साहन र उच्च शिक्षा अध्ययनका लागि विद्यालयसम्म पुग्न सहज होस् भने साइकल उपहार दिएका हौं ।'-अग्रवालले भने ।

उनले आगामी दिनमा पनि मैत्री केन्द्रले यस्ता सामाजिक कामलाई निरन्तरता दिने जनाए । नगरपालिकाका अनुसार २०८१ को एसईईमा पालिकाबाट १ सय ९४ जना छात्राले एसईई उत्तीर्ण गरेका थिए । तीमध्ये आवश्यकता पहिचान गरेर १ सय १ जनालाई साइकल वितरण गरिएको अध्यक्ष अग्रवालले बताए ।

लुम्बिनीमा आयोजित छात्रा विद्यार्थीलाई साइकल वितरण समारोहमा बोल्दै पूर्वअर्थ राज्यमन्त्री तथा नेपाली काँग्रेसका केन्द्रीय सदस्य भरतकुमार शाहले सरकारी विद्यालयका छात्रा विद्यार्थीहरुलाई प्रोत्साहन हुनेगरी मैत्री केन्द्रले साइकल वितरण गरेर विद्यार्थीलाई ऊर्जा प्रदान गरेको जनाए । उनले साइकल वितरणले नेपाल-भारतको मैत्री सम्बन्धलाई ताजा तुल्याएको बताए ।

विद्यार्थीहरुलाई हामी गाउँका, हामी फलाना जातका, सरकारी विद्यालयमा पढेका भनेर आफैंलाई निरुत्साहित नगर्न उनले आग्रह गरे । 'संसारमा जसले मिहिनत गर्छ उहीँ अगाडि बढ्छ,' उनले भने-'जात, धर्मले नभइ शिक्षा, इमान्दारीता र मिहिनतले मानिस ठूलो हुने भएकाले पढाइमा केन्द्रित हुनुस् ।' ग्रामीण क्षेत्रका बालबालिकालाई अगाडि बढाउन साइकल वितरणसँगै छात्रवृत्तिका कार्यक्रम सञ्चालन गरिनुपर्ने शाहले जोड दिए ।

सैनामैना नगरपालिकाका प्रमुख फणेन्द्रप्रसाद शर्माले साइकल वितरण गरेर मैत्री केन्द्रले छोरीहरुलाई पढ्न प्रेरित गरेको बताए । साइकल वितरण सानो मायाको चिनो जस्तो भए पनि यसले नेपाल-भारतबीचको सम्बन्ध सुधारमा भूमिका खेल्ने उनले जनाए । धेरैजसो दाताहरु सुविधा रहेकै क्षेत्रमा केन्द्रित हुने गरेको उल्लेख गर्दै जहाँ अभाव छ, त्यहीँ सहयोगका कार्यक्रम गर्न अनुरोध उनले गरे ।

सिद्धार्थनगर नगरपालिकाकी उपप्रमुख उमा अधिकारीले अभिभावकको दायित्व छोरीको पखेटा काट्ने नभई उनीहरूका लागि गोरेटो कोर्ने भएकाले सोहीअनुसार भूमिका निर्वाह गर्न आग्रह गरिन् । शिक्षा नै छोरीहरुका लागि लक्ष्य प्राप्तिका गर्ने हतियार भएकाले पढाइमा केन्द्रित हुन उनको आग्रह छ । छोरीको इच्छा बुझेर शिक्षामा लगानी गर्न अधिकारीले अनुरोध गरिन् । मैत्री केन्द्रको प्रोत्साहनले छात्राहरुमा हौसला मिलेको उनको भनाइ छ ।

लुम्बिनी सांस्कृतिक नगरपालिकाकी प्रमुख प्रशासकीय अधिकृत तारा ज्ञवालीले उत्कृष्ट नतिजासहित उत्तीर्ण छात्राका लागि साइकल वितरण गरिएकोमा केन्द्रलाई धन्यवाद दिइन् । उत्कृष्ट नतिजा हासिल गर्ने छात्रछात्रालाई पालिकाले पनि पुरस्कार र प्रोत्साहनका कार्यक्रम गरिरहेका जनाउँदै आउँदा दिन पालिकासँग हातेमालो गर्न केन्द्रलाई आग्रह गरिन् । जीवनमा सफलता प्राप्त गर्न उच्च शिक्षा जरुरी रहेकाले त्यसका लागि साइकल वितरणले प्रेरणा प्रदान गरेको ज्ञवालीको भनाइ छ ।

कार्यक्रममा लुम्बिनी प्रेस क्लबका अध्यक्ष कमल रायमाझी, नेपाल-भारत भूतपूर्व गोर्खा सैनिक परिवारका अध्यक्ष रेशम केसी, मैत्री केन्द्रका उपाध्यक्ष उमापति न्यौपाने, मैत्री केन्द्रका सचिव प्रशान्तविक्रम मल्लले छात्राहरुको शिक्षालाई यस्ता सहयोगले थप प्रेरित गर्ने जनाए । उनीहरुले मैत्री केन्द्रले मैत्रीभाव राखेर विद्यार्थीहरुलाई साइकल उपहार दिएको जनाउँदै आउँदा दिनमा यस्ता कार्यक्रमलाई निरन्तरता दिँदै जाने जनाए ।

कार्यक्रममा साइकल उपहार पाएका छात्रा विद्यार्थी, उनीहरुका परिवार, जनप्रतिनिधि, स्थानीय अगुवाहरुले यस्ता प्रोत्साहनका कार्यक्रमले छात्राहरुलाईलाई उच्च शिक्षा हासिल गर्न र व्यक्तित्व विकासमा सकारात्मक सहयोग पुऱ्याउने जनाए । उनीहरुले मैत्री केन्द्रले सह्रानीय कार्य गरेको भन्दै सहयोग र सहकार्यलाई निरन्तर गर्न आग्रह गरेका थिए ।

# लुम्बिनीमा डीएपी वितरणको नयाँ कोटा निर्धारण




दाङ । लुम्बिनी प्रदेशमा कृषकलाई अनुदानमा रासायनिक मल उपलब्ध गराउने व्यवस्थाअन्तर्गत हाललाई प्राप्त भएको डीएपी मलको नयाँ कोटा निर्धारण गरिएको छ । प्रदेश सरकारले करिब ११ हजार ४४ मेट्रिक टन डीएपी मल वितरण गर्ने कोटा परिमाण तोकेको हो ।

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयअन्तर्गतको योजना तथा अनुगमन महाशाखाले सार्वजनिक गरेको विवरण अनुसार भदौ ५ गते बसेको प्रदेश मल वितरण व्यवस्थापन समितिको निर्णयले कृषि सामग्री कम्पनी लिमिटेडमार्फत् ५ हजार ६ सय ९९.७ मेट्रिक टन र साल्ट ट्रेडिङ कर्पोरेशनमार्फत् ५ हजार ३ सय ४५.०३ मेट्रिक टन मल वितरण गर्ने व्यवस्था मिलाएको छ । दुवै निकायले मलको परिमाण अनुसार वितरणका लागि कोटा निर्धारण गर्न अनुरोधसहितको पत्र मन्त्रालयमा पेश गरेका थिए । सोही आधारमा अनुदानको मल वितरण व्यवस्थापन कार्यविधि, २०८२ अनुसार १०६ स्थानीय तहका लागि मल वितरणको कोटा परिमाण निर्धारण गरिएको जनाइएको छ । चालू आर्थिक वर्ष २०८२/०८३ को लागि लुम्बिनी प्रदेशलाई ४२ हजार ७ सय ४७.६ मेट्रिक टन अर्थात २१ दशमलव ११ प्रतिशत डीएपी मलको कोटा परिमाण तोकिएको छ ।

गत आर्थिक वर्ष २०८१/८२ मा प्रदेशमा २८ हजार ५८.६९ मेट्रिक टन डीएपी मल वितरण गरिएको थियो । हाललाई प्राप्त भएको मल वितरणका लागि स्थानीय तहअनुसार कोटा निर्धारण गरिएको र डीएपी मल पुनः प्राप्त हुने कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका बाली संरक्षण निर्देशक घनश्याम चौधरीले जानकारी दिए ।

मन्त्रालयले वितरण प्रक्रिया पारदर्शी र व्यवस्थित बनाउन कृषि विकास निर्देशनालय रुपन्देही साथै कृषि ज्ञान केन्द्र र एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालयलाई समन्वय र अनुगमनको जिम्मा दिएको छ ।

वरिष्ठ कृषि प्रसार अधिकृत विनोद सुनारका अनुसार वितरण प्रणालीलाई कडाइका साथ कार्यान्वयन गरिनेछ ।

# साउनमा एक खर्ब ४३ अर्बको आयात, २३ अर्बको निर्यात




काठमाडौँ । चालु आर्थिक वर्षको पहिलो महिनामा रु एक खर्ब ६६ अर्ब ९७ करोड ३१ लाख बराबरको वैदेशिक व्यापार भएको छ ।

भन्सार विभागका अनुसार गत महिना रु एक खर्ब ४३ अर्ब चार करोड बराबरको आयात र रु २३ अर्ब ९३ करोड २४ लाख बराबरको निर्यात भएको हो । यो अवधिमा देशलाई रु एक खर्ब १९ अर्ब १० करोड ८२ लाख बराबर व्यापार घाटा भएको छ ।

गत आर्थिक वर्षको पहिलो महिनाको वैदेशिक व्यापारको तुलनामा चालु आर्थिक वर्षको सोही अवधिमा आयात ११ दशमलव ४२ र निर्यात ९५ दशमलव ७५ प्रतिशतले बढेको छ । साउनमा छिमेकी मुलुक भारतसँग रु ८३ अर्ब ५३ करोड ९९ लाख बराबरको आयात र रु १९ अर्ब ४५ करोड २० लाख बराबरको निर्यात हुँदा मुलुकले रु ६४ अर्ब आठ करोड ७८ लाख घाटा व्यहारेको छ । चीनसँग रु २७ अर्ब ९९ करोड ६० लाख बराबरको आयात र रु पाँच करोड ४८ लाखको निर्यात गर्दा रु २७ अर्ब ९४ करोड १२ लाख बराबर व्यापार घाटा भएको छ । जर्मनी, अफगानस्तान, संयुक्त राज्य अमेरिका, रुस, बेल्जियम, नर्वेलगायत मुलुकसँग समीक्षा अवधिमा व्यापार नाफा भएको छ ।

साउनमा सबैभन्दा बढी आयात पेट्रोलियम पदार्थको भएको छ । विभागका अनुसार रु पाँच अर्ब ७७ करोड १४ लाख बराबरको पेट्रोल, रु पाँच अर्ब ८८ करोड ७७ लाखको डिजेल र रु चार अर्ब ६६ करोड ६४ लाख बराबरको एलपी ग्यास आयात भएको छ । देशमा रु १० अर्ब ८० करोड ९५ लाख बराबरको कच्चा सोयाबिन तेल, रु तीन अर्ब ४१ करोड ९२ लाखको स्मार्टफोन, रु एक अर्ब ७४ करोड ४८ लाखको मोटरसाइकल, रु तीन अर्ब सात करोडको फलामजन्य वस्तु र रु एक अर्ब ५२ करोड ६३ लाख बराबरको सुन आयात भएको छ ।

मुलुकबाट निर्यात भएका वस्तुमा भटमासको तेल पहिलो स्थानमा छ । साउनमा रु १० अर्ब ६९ करोड ५८ करोड बराबरको भटमासको तेल निर्यात भएको हो । समीक्षा अवधिमा प्लाईउड, फलफुल जुस, धागो, गलैंचा, अलैंचीलगायत उत्पादन निर्यात भएका हुन् ।

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
लुम्बिनी प्रादेशिक अस्पताल, बुटवल

**शिलबन्दी बोलपत्र-e-tender) आव्हानको सूचना**

प्रथम पटक सूचना प्रकाशित मिति:२०८२/०५/०८

यस अस्पतालको लागि आ.ब. २०८१/०८२ मा आवश्यक पर्ने तपसिलमा उल्लेखित खरिद कार्य बोलपत्रका माध्यमबाट गर्नु गराउनुपर्ने भएकोले सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ । साथै बिस्तृत जानकारीको लागि www.bolpatra.gov.np/egp मा हेर्न सकिनेछ ।

तपसिल

| क्र. सं. | ठे.नं. | कामको विवरण | लागत अनुमान (मु.अ. कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर | ठेक्काको प्रकार तथा मुल्यांकन | बोलपत्र दर्ताको अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | LPH-NCB-GOODS-01-2082-083 | Supply& Delivery of Pharmacy Medicine (Package I) | | Slice मा तोकिए बमोजिम १६,५२,०००/- | ५०००।- | ई बिडिङ मात्र प्रति इकाइ दरमा मुल्यांकन | २०८२/०६/०७ गते १२.०० भित्र |
| २ | LPH-NCB-GOODS-02-2082-083 | Supply& Delivery of Pharmacy Medicine (Package II) | | | | | |
| ३ | LPH-NCB-GOODS -03-2082-083 | Supply& Delivery of Pharmacy Medicine (Package III) | | | | | |
| ४ | LPH-NCB-GOODS -04-2082-083 | Supply& Delivery of Pharmacy Surgical Goods | | | | | |
| ५ | LPH-NCB-GOODS -05-2082-083 | बिभिन्न किसिमका कागजात छपाई कार्य | १,०७,१६०४३/०२ | ३,०२,०००/- | ३,०००/- | ई बिडिङ मात्र प्याकेजमा मुल्यांकन | |
| ६ | LPH-NCB-GOODS -06-2082-083 | अस्पताल संचालनका लागी दैनिक रुपमा आवश्यक पर्ने सामान सप्लाइ गर्ने काम | ७६,४५,७५५/- | २,१५,०००/- | ३,०००/- | | |
| ७ | LPH-NCB-GOODS -07-2082-083 | बिभिन्न किसिमका स्टेशनरी सामान सप्लाइ गर्ने कार्य | ४९,७५,६३५/५७ | १,४०,०००/- | ३,०००/- | | |
| ८ | LPH-NCB-GOODS -08-2082-083 | Supply& Delivery of Electric Items | २०,९६,१९५/३३ | ५९,५००/- | ३,०००/- | | |
| ९ | LPH-NCB-GOODS -09-2082-083 | Supply& Delivery of Sanitary Items | १८,२२,२२४/५६ | ५१,५००/- | ३,०००/- | | |
| १० | LPH-NCB-GOODS -10-2082-083 | Supply& Delivery of Different Capacities UPS & Batteries | १४,५३,५८०/११ | ४१,०००/- | १,०००/- | | |

मेडिकल सुपरिटेण्डेण्ट

**ट्वाइलेट सफा गराउनुहोस्**
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्को बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# स्थानीय तह संस्थागत क्षमता स्वमूल्याकङ्नमा तानसेन र रिब्दीकोट उत्कृष्ट





पाल्पा। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सार्वजनिक गरेको स्थानीय तह संस्थागत क्षमता स्व : मूल्याकंन नतिजा २०८०/०८१ मा पाल्पाबाट तानसेन नगरपालिका र रिब्दीकोट उत्कृष्ट भएका छन् । तानसेन नगरपालिकाले ८८.२५ अंक प्राप्त गरी जिल्लाका १० स्थानीयतहमध्ये पहिलो भएको छ । स्थानीय तह स्वमूल्याकंनमा लुम्बिनीका १८ नगरपालिका मध्ये तानसेन नगरपालिका तेस्रो भएको छ भने देशभरीमा १०औं स्थान प्राप्त गरेको छ । तानसेन नगरपालिकाले आ.व. ०७९/ ०८० मा ८३ अंक प्राप्त गरेकोमा २०८०/०८१ मा ५.२५ अंक वृद्धि गरेको छ।

गत वर्षभन्दा मूल्याकंनका सबै सूचकहरुमा सुधार गरेको नगरवासीको सेवा प्रवाहमा चुस्त, दुस्त पारदर्शी बढाएको, सामाजिक समावेशीकरणमा ध्यान दिएको, ३ वटै सरकारका भौतिक पूर्वाधारकामा काममा ध्यान दिएको, वातावरण विपद् व्यवस्थापन ध्यान दिएको र सबैसँग सहकार्य गरेर काम गरेको कारण नतिजा राम्रो आएको नगरप्रमुख सन्तोषलाल श्रेष्ठले बताए।

यसैगरी जिल्लाको ८ गाउँपालिकाअन्तरगत रिब्दीकोट गाउँपालिका पाल्पा प्रथम भएको छ । लुम्बिनी प्रदेशका ७३ गाउँपालिकामध्ये दोस्रो र देशभरीका ४६० गाउँपालिकाअन्तरगत स्थानीय तह स्वमूल्याकंनमा रिब्दीकोट गाउँपालिका पाँचौ भएको हो । रिब्दीकोटले स्वमूल्याकंनको अन्तिम मूल्याकंनमा ८७.७५ अंक प्राप्त गरेको छ। रिब्दीकोटले आ.व. ०७९/ ८० मा ७४.२५ अंक प्राप्त गरेकोमा यस पटक १३.५० अंक बढी प्राप्त नतिजामा सुधार गर्दै लुम्बिनी प्रदेशमा उत्कृष्ट गाउँपालिका भएको हो। गाउँपालिका अध्यक्ष नारायणबहादुर कार्कीले सुशासन, विकास निर्माण, भौतिक पूर्वाधार, बजेट निर्माण तथा कार्यान्वयन, नागरिक सेवा प्रवाहमा योजनाबद्ध रुपमा कार्ययोजनाका साथ काम गर्दै गएको कारण प्रत्येक वर्ष स्वमूल्याकंन नतिजामा सुधार गर्दै जनताको सेवा सुविधालाई प्राथमिकतामा राखेर काम गर्दै आएको बताए।

स्थानीयतह स्वमूल्याकंनमा लुम्बिनी प्रदेशका १८ नगरपालिकामध्ये तिलोत्तमा प्रथम र देवदह नगरपालिका द्वितीय र तानसेन नगरपालिका तृतीय भएका छन् भने ७६ गाउँपालिकाअन्तरगत रुरु क्षेत्र गाउँपालिका पहिलो, रिब्दीकोट गाउँपालिका दोस्रो भएका हुन्।

यसैगरी बगनासकाली गाउँपालिका तेस्रो भएको छ। बगनासकालीले ८५.२५ अंक प्राप्त गरेको छ। रम्भा गाउँपालिका र रैनादेवी छहरा गाउँपालिका ८४.७५ अंक प्राप्त गरी चौथो भएको छन। यसैगरी रामपुर नगरपालिकाले ८०.२५ अंक, तिनाउँ गाउँपालिका ७६.७५ अंक, निस्दी गाउँपालिका ७६.५०, पुर्वखोला ७५.२५ र माथागढी गाउँपालिका ७३.७५ अंक पाएका छन्।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीयतह स्वमूल्याकंनमा फाराम आफैं भर्ने र प्रमाणको आधारमा तोकिएको नम्बर दाबी गर्दछन् र मन्त्रालय रुजु तथा चेकजाँच परीक्षण गरेर वास्तविक अंक सार्वजनिक गर्दै आएको छ।

मन्त्रालयले, शासकीय प्रवन्धमा ९ अंक, संगठन तथा प्रशासनमा ८ अंक, वार्षिक बजेट तथा योजना तर्जुमा व्यवस्थापनमा ११ अंक, वित्तीय आर्थिक व्यवस्थापनमा ११ अंक, सेवा प्रवाहमा १६ अंक, न्यायिक कार्यसम्पादनमा ७ अंक, , भौतिक पूर्वाधारमा १३ अंक, सामाजिक समावेशीकरणमा ९ अंक, वातावरण संरक्षण तथा विपद व्यवस्थापनमा ९ अंक र सहकार्य र समन्वयमा ७ अंक गरी १०० अंकभार दिएको छ। समग्र स्थितिमा २१ प्रतिशत, प्रक्रियागत स्थितिमा ३४ प्रतिशत र परिणात्मक स्थितिमा ४५ प्रतिशत अंक भार निर्धारण गरेको छ।

स्थानीयतह संस्थागत क्षमता स्वमूल्याकंनको कारण सेवा प्रवाहमा चुस्त दुस्त, शुसासन जवाफदेहिता, पारदर्शीता, समयमै योजनाबद्ध काम, भएका कामहरुको मूल्याकंन, अनुगमन तथा नागरिक तथा सामाजिक परीक्षण जस्ता कामहरुमा वृद्धि भएको छ।

# सरूमारानी लिजामा जिल्लाकै पहिलो



प्यूठान । स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (लिजा)को नतिजामा जिल्लामा सरुमारानी गाउँपालिका पहिलो भएको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सार्वजनिक गरेको आर्थिक वर्ष २०८०/०८१ को नतिजाअनुसार सो गाउँपालिका जिल्लामा उत्कृष्ट भएको हो।

जिल्लाका नौ स्थानीय तहमध्ये सरुमारानी प्रथम स्थानमा रहेको छ भने ऐरावती गाउँपालिका अन्तिम स्थानमा रहेको छ । स्वमूल्याङ्कनमा जिल्लामा उत्कृष्ट हुने सरुमारानीले ८७ अंक प्राप्त गरेको छ भने सबैभन्दा कम अंक प्राप्त गर्ने ऐरावतीले गाउँपालिकाले ६९.५ अंक प्राप्त गरेका छन्।

त्यस्तै नौबहिनी गाउँपालिका ८६.५० अंक, मल्लरानी गाउँपालिका ८५.५० अंक, गौमुखी गाउँपालिकाले ८५.२५ स्वर्गद्वारी नगरपालिका ८४ अंक, झिमरुक गाउँपालिका ७८ अंक, प्यूठान नगरपालिकाले ७८ अंक, माण्डवी गाउँपालिका ७६.७५ अंक हासिल गरेको छ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले प्रत्येक आर्थिक वर्षमा शासकीय प्रवन्ध, संगठन तथा प्रशासन, वार्षिक बजेट तथा योजना तर्जुमा व्यवस्थापन, वित्तीय एवम् आर्थिक व्यवस्थापन, सेवा प्रवाह, न्यायिक कार्यसम्पादन, भौतिक पूर्वाधार, सामाजिक समावेशीकरण, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन, सहकार्य र समन्वयलगायतका विषयहरूलाई मूल्याङ्कनको आधार मानेर नतिजा सार्वजनिक गर्ने गर्दछ।

सरुमारानी गाउँपालिकाले शासकीय प्रवन्धमा ८.५०, संगठन तथा प्रशासनमा ८, वार्षिक बजेट तथा योजना तर्जुमा व्यवस्थापनान ९, वित्तीय एवम् आर्थिक व्यवस्थापनमा १०.५०, सेवा प्रवाह १३.५०, न्यायिक कार्यसम्पादनमा ७, भौतिक पूर्वाधारमा १०.५०, सामाजिक समावेशीकरणमा ८ वातावरण संरक्षण तथा विपद् व्यवस्थापनमा ६.५० र सहकार्य र समन्वय ५.५० अंक प्राप्त गरेको छ।

आर्थिक वर्ष ०७९/०८० मा नौबहिनी गाउँपालिकाले ८५ अंक प्राप्त गरी जिल्लामा उत्कृष्ट भएको थियो।

# लुम्बिनी प्रदेशले विकास समस्या समाधानका ११ विषय संघीय समितिमा लैजाने

दाङ । लुम्बिनी प्रदेश विकास समस्या समाधान समितिको बैठकले विभिन्न ११ बुँदे प्रस्ताव स्वीकृत गरी राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा पठाउने निर्णय गरेको छ।

मुख्यमन्त्री चेतनारायण आचार्यको अध्यक्षतामा प्रदेश राजधानी देउखुरीमा बसेको बैठकले प्रदेश विकाससँग सम्बन्धित प्रमुख विषयहरू संघीय स्तरमा उठाउने तयारी गरेको हो।

बैठकले ढुंगा, गिट्टी, बालुवाबाट प्राप्त राजस्व बाँडफाँटमा प्रदेशको हिस्सा सुनिश्चित गर्न संघीय ऐनमै स्पष्ट प्रावधान ल्याउनुपर्ने, प्रदेश राजमार्ग तथा सडकको अधिकार क्षेत्रमा रहेका विद्युत पोल हटाउने विषयमा विद्युत् प्राधिकरणले नै खर्च व्यहोर्नुपर्ने, समान प्रकृतिका कामका लागि समानान्तर कार्यालयहरूलाई खारेज गरी खर्च कटौती गर्नुपर्ने, कृषि संरचना तथा उपकरणमा न्यूनतम प्राविधिक मापदण्ड तयार गर्नुपर्नेलगायतका विषयमा नीतिगत व्यवस्था गर्न आवश्यक रहेको निष्कर्ष निकालेको छ।

यस्तै, संघीय सरकारले हस्तान्तरण गरेका खानेपानीलगायतका अधुरा आयोजना पूरा गर्न बजेट उपलब्ध गराउनुपर्ने, राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना तथा प्रदेश गौरवका आयोजनामा आवश्यक निर्माण सामग्री प्रदेश सरकारले तोकेको रोयल्टी बुझाई स्थानीय तहको रोहवरमा संकलन गर्न दिने व्यवस्था मिलाउनुपर्ने प्रस्ताव स्वीकृत गरिएको छ।

बैठकले सडक मर्मत सम्भारका लागि संकलित मर्मत दस्तुर राजस्वमा प्रदेशलाई हिस्सा दिने, कृषिजन्य उत्पादन तथा चिस्यान केन्द्रहरूमा विद्युत महसुल छुटको नीतिगत व्यवस्था मिलाउने, कृषिमा हुने दोहोरोपन अन्त्य गर्न एकीकृत कृषि विकास ऐन तर्जुमा गर्ने, बाली तथा पशुधन बिमा प्रिमियम अनुदान कार्यविधि २०८१ संशोधन गरी सिफारिस प्रक्रिया सहज बनाउनुपर्ने जस्ता विषयहरू पनि राष्ट्रिय विकास समस्या समाधान समिति समक्ष प्रस्तुत गर्ने निर्णय गरेको छ।

बैठकलाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले अघिल्ला बैठकका निर्णय कार्यान्वयनमा सबै निकाय जिम्मेवार हुनुपर्ने बताए।

बैठकमा प्रदेश योजना आयोगका उपाध्यक्ष डा.डिल्लीराज अर्यालले आर्थिक वर्ष २०८१-८२ मा लुम्बिनी प्रदेशको आर्थिक वृद्धिदर ४.७० प्रतिशत र निरपेक्ष गरिबीको दर २४.३५ प्रतिशत रहेको, खानेपानी सुविधा पुगेका घरपरिवार ९२.८ प्रतिशत, विद्युत् सेवा सौर्य उर्जासहित पुगेको जनसंख्या ९९ प्रतिशत, सिंचित क्षेत्र ५५.७ प्रतिशत र इन्टरनेट पहुँच पुगेका घरपरिवार ७५.५ प्रतिशत पुगेको जानकारी गराएका थिए।

गत आर्थिक वर्षमा प्रदेशको आन्तरिक आय १ अर्ब २३ करोड पुगेको र खर्च गर्ने क्षमता पनि बढेको, आर्थिक वर्ष २०८१-८२ मा ७२.१ प्रतिशत बजेट खर्च भएको जानकारी गराएका थिए।

# रोटरी क्लब अफ बुटवलको १५७८औं बैठक सम्पन्न



बुटवल । रोटरी क्लब अफ बुटवलको १५७८औं नियमित बैठक शनिबार सम्पन्न भएको छ।

यस पटकको बैठकमा गेष्ट स्पिकरका रुपमा नेपालमै सफल डयाडीइज किचनका सञ्चालक चालिस मुनिका उत्कृष्ट युवा उद्यमी कमलजंग कुँवरले सहभागीहरुलाई हरेक क्षेत्रमा सफलता हुनका लागि गर्नुपर्ने उपायका बारेमा प्रकाश पारेका थिए। युवा उद्यमी कुँवरले सफल उद्यमी तथा व्यवसायी बन्नका लागि लगनशिलता पहिलो कुरा रहेको भन्दै जुन कुरा आफूले गर्ने हो त्यसमा निरन्त्रर रुपमा लगनशिल भएर लाग्न जरुरी रहेको बताए । लगनशिलतासँगै नयाँनयाँ प्रविधिलाई आत्मसाथ गर्दै त्यसलाई व्यवहारमा कार्यान्वयन गर्दै जानुपर्ने , अनि प्रचार प्रसारलाई पनि सँगै अगाडि बढाउन सुझाव उनले दिए।

प्राकृतिक सम्पदाले भरीपूर्ण नेपालमा जस्तो प्रचुर सम्भावना विश्वमै कही नभएको दाबी गर्दै कुँवरले त्यो सम्भावनालाई चिन्न, बुझ्न र व्यवहारमा लागुगर्ने तत्परता देखाउन सुझाव दिए। कसैले आएर देश, समाज, घर, गाउँ वा पेशा व्यवसाय बनाइदिने होइन, त्यसका लागि राज्यले वातावरण बनाई दिने र आफैंले गरेर देखाउनु पर्नेमा कुँवरको आफ्नो अनुभवले सिकाएको खुलासा गरे । अरुले गरेनन् भनेर गाली गलौच गर्ने र केही छैन, हुँदैन भन्ने भाष्य सृजना पनि गर्न नहुने भन्दै राजनैतिक दलहरुले राजनीतिबाट पनि राम्रो भविष्य छ भन्ने कुरा युवा वर्गलाई दलहरुले सिकाउन र बुझाउन सकेमा बढ्दो वैदेशिक युवापलायन स्वःतह नियन्त्रण हुने विश्वास उनले व्यक्त गरे । देशैभरी विभिन्न २३ शाखामार्फत् व्यवसाय सञ्चालन गरी करिव १ हजार जनालाई प्रत्यक्ष रोजगारी दिएका कुँवरले ड्याडीइज फूड मोबाइल भ्यान, पपया, नो सुगर नो अल्कोहल जुस, कुकर कफी, ड्याडीइज केक, ड्याडीइज किचन, ड्याडीइज क्यान्टीन, ड्याडीइज एक्सप्रेसलगायतका व्यवसायलाई सञ्चालन गर्दै आएका छन्।

रोटरी क्लब अफ बुटवलले सामाजिक क्षेत्रमा सँगै व्यक्तिको व्यक्तृत्व विकास, नेतृत्व विकासलाई प्राथमिकता दिँदै आएको अध्यक्ष कृष्ण पराजुलीले बताए। त्यस्तै रोटरीयनहरुले गरेको पेशा व्यवसाय चिनाउने त्यसको व्यवसायिकतामा टेवा पुराउने, रोटरीका गतिविधिबारे रोटरीयन, रोट्र्याक र इन्ट्र्याकहरुलाई जानकारी गराउने उद्देश्यले हरेक महिनामा ४ पटक नियमित बैठक गर्ने गरेको उनले बताए । अध्यक्ष पराजुलीले कलेज वेस र कम्यूनिटी वेसमा काम गर्दै आएको भन्दै समुदायमा गएर समुदायको के आवश्यकता हो, त्यही बुझेर सोहीअनुसार परियोजना सञ्चालन गर्नका लागि रोटरी लागि परेको जनाए। सहभागीहरुले राखेका तमाम जिज्ञाषाको गेष्ट स्पिकर कुँवरले सहजीकरण गरेको क्लबका सचिव शिवकुमार ज्ञवालीले जानकारी दिए।

# बागेश्वरीले ‘स्कुल गट ट्यालेन्ट २०८२’ गर्दै



बुटवल । बागेश्वरी कला तथा संगीत एकेडेमी प्रा.लि.ले रुपन्देहीमा ‘स्कुल गट ट्यालेन्ट २०८२’ नामक प्रतिभा प्रतियोगिता आयोजना गर्ने भएको छ । विद्यार्थीको लुकेको कला र सीपलाई उजागर गर्ने उद्देश्यले हुने प्रतियोगितामा नृत्य, गायन, र्‍याप, अभिनय, कविता, भाषण, जादु, हास्यव्यङ्ग्य, वाद्यवादनसहित विभिन्न विधामा प्रतिस्पर्धा हुने एकेडेमीले जनाएको छ।

कार्यक्रमका बारेमा जानकारी दिँदै एकेडेमीकी सञ्चालक लालिमा श्रेष्ठले रुपन्देहीका सात सयभन्दा बढी विद्यालयका न्यूनतम १,००० देखि १,५०० विद्यार्थी सहभागी हुने अपेक्षा गरिएको बताइन् । साथै आफ्नै शब्द र संगीतमा तयार भएको बागेश्वरीको ‘आइकनिक म्युजिक भिडियो’ पनि लञ्च गरिएको उनले जानकारी गराइन्।

कार्यक्रम संयोजक डीबी लोहनी र नृत्य प्रशिक्षक शंकर खड्काले पनि बोल्दै प्रतिभावान विद्यार्थीलाई उचित अवसर दिलाउन प्रतियोगिता सहायक हुने बताएका छन्।

प्रतियोगितामा सहभागी हुन विद्यार्थीले विद्यालयमार्फत् वा अनलाइन अडिसनमार्फत् नाम दर्ता गर्न सक्नेछन्।

प्रवेश शुल्क १,००० रुपैयाँ तोकिएको छ भने असफल हुने विद्यार्थीलाई निःशुल्क सिकाइको व्यवस्था गरिएको आयोजकले जनाएको छ।

‘नो भोट, नो एसएमएस’ भन्ने नारासहित हुने प्रतियोगिता पूर्णरूपमा निर्णायकको मूल्याङ्कनमा आधारित रहनेछ। प्रतियोगिताको फाइनल मंसिर महिनामा आयोजना गरिनेछ।

विजेताले आकर्षक नगदसहित पुरस्कार प्राप्त गर्नेछन् । पहिलो हुनेले ५५ हजार, दोस्रो हुनेले ३५ हजार र तेस्रो हुनेले २५ हजार नगदसहित गिफ्ट ह्याम्पर पाउनेछन्।

# मुक्तिनाथ फाउण्डेशनद्वारा खाद्यान्न वितरण



स्याङ्जा। कुशे औंसी अर्थात् बुवाको मुख हेर्ने दिनको अवसर पारेर मुक्तिनाथ फाउण्डेशनले वृद्धवृद्धाहरुलाई खाद्यान्न वितरण गरेको छ । फाउण्डेशनले स्याङ्जाको राम्दी धामस्थित वृद्धाश्रममा बस्दै आएका वृद्धवृद्धाहरुलाई खाद्यान्न वितरण गरेको हो।

फाउण्डेशनका संस्थापक तथा मुक्तिनाथ विकास बैंकका सञ्चालक भरतप्रसाद लम्सालले खाद्यान्न वितरण गर्दै वृद्धवृद्धाहरुको सेवामा संस्थाले स्थापना कालदेखि सेवा गर्दै आएको बताए। समाजमा विभिन्न कारणले जीवनयापन गर्न समस्या भोग्दै आएका वर्गलाई फाउण्डेशनले सहयोग गर्दै आएको उनले सुनाए।

वृद्धाश्रममा बसोबास गर्ने बेसहारा र विद्यालयमा अध्ययन गर्ने गरिब तथा जेहेन्दार विद्यार्थीलाई संस्थाले सहयोग गर्दै आएको संस्थापक लम्सालले जनाए। बैंकको सहयोग र फाउण्डेशनको समन्वयमा देशका विभिन्न भागमा सामाजिक काम गर्दै आएको उनले जानकारी दिए।

त्यस अवसरमा मुक्तिनाथ विकास बैंकका क्षेत्रीय कार्यालय पोखराका प्रमुख रसिक भण्डारी, अर्जुन सुबेदी, मुक्तिनाथ विकास बैंक स्याङ्जाका व्यापार विकास कार्यक्रम अधिकृत सन्तोष ढकाल र वालिङ शाखाका प्रमुख नविन काफ्लेलगायतले बोलेका थिए।

काठमाडौंमा केन्द्रीय कार्यालयको फाउण्डेशनको सक्रियतामा राम्दीधाममा बसोबास गर्दै आएका वृद्धवृद्धालाई करिब ५० हजार मूल्य बराबरको खाद्यान्न वितरण गरिएको फाउण्डेशनका कार्यक्रम संयोजक देवीप्रसाद अर्यालले जानकारी दिए। राम्दीमा बसोबास गर्ने वृद्धवृद्धालाई संस्थाबाट निरन्तर सहयोग पुऱ्याउने संयोजक अर्यालले बताए।मुक्तिनाथ विकास बैंकको सहयोगमा फाउण्डेशनले शीव पार्वती वृद्धाश्रममा बसोबास गर्ने करिब २५ वृद्धवृद्धहरुलाई खाद्यान्न वितरण गरिएको हो । उक्त आश्रम गल्याङ नगरपालिका-१, स्याङ्जा र पाल्पाको संगमस्थल राम्दीधाम नदी किनारमा दुई दशक अघिदेखि सञ्चालनमा छ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क
(सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ
न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रुपन्देही

स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com